# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, चैत्र १० गते २०२६ साल [ संख्या ४९

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

घर जगा कर ऐन, २०१९ को दफा २ (क) को प्रयोजनको निमित्त श्री ५ को सरकारले २०२७ साल श्रावण १ गतेदेखि लागू हुने गरी देहायबमोजिम सिमानाभित्रको क्षेत्रलाइ शहरी क्षेत्र तोकिदिएको छ ।

| क्रम नं. | शहरी क्षेत्रको नाम | सिमाना |
|---|---|---|
| १. | भद्रपुर शहरी क्षेत्र– | भद्रपुर नगर पञ्चायतको सिमानाबमोजिम । |
| २. | विराटनगर शहरी क्षेत्र– | पूर्व–कटहरी गाउँ पञ्चायतको चौकी, पश्चिम–सिन्धिया नदी, उत्तर–कटहरी गाउँ पञ्चायत अन्तर्गत उत्तर रङ्गेली जाने बाटोको उत्तर पट्टि १,००० गजसम्म, दक्षिण–रङ्गेली जाने सडकको १,००० गजसम्म । |
| ३. | धरान शहरी क्षेत्र– | पूर्व–खेउतीखोला, पश्चिम–सर्दूखोला, उत्तर–फुसरेबजार, दक्षिण–मलाया क्याम्पारोड । |



६८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. राजविराज शहरी क्षेत्र– पूर्व–हिमालय राइसमिल र त्यसअधिका डगर र मिल एरिया, पश्चिम–खर्शाल दुर्गाप्रसाद उपाध्यायको घर, उत्तर–श्री कृष्णप्रसाद सिंहको घर, दक्षिण–हाइस्कूल र नगर पञ्चायत सिमाना ।

५. जनकपुर शहरी क्षेत्र– पूर्व–जल्लाद नदी, पश्चिम–दुधान नदी, उत्तर–धर्म बाधने र इमली रूखको पश्चिम बिल्ली बिर्ता गाउँको उत्तर सिमाना, दक्षिण–जनकपुरधाम विमानघाटसम्म ।

६. काठमाडौं शहरी क्षेत्र– पूर्व–बागमती, पश्चिम–बालाजू दगुर्ने पानीको पोखरीबाट दक्षिण–पश्चिम त्रिशुलीरोड नागार्जुन पर्खाल भै रिजर्भायरको पानी भएको कुलै कुलो गजफुखोला, सोखोलने बालाजूबाट स्वयम्भू जाने मूलबाटो ढुङ्गा ओसार्ने रूपलाइननेरको पुलसम्म र सो पुलबाट मूल सडकै सडक हुँदै स्वयम्भूपछाडिबाट आएको नारायणी खोला भै सीतापाइलाबाट इकडोल जाने पुलसम्म र सो पुलबाट स्वयम्भू आउने बाटैबाटो पूर्व- दक्षिण लागी पाडीको फाँटको कुलो र गोरेटो हुँदै म्यूजियमबाट धुनिवेसी जाने मूल सडक निस्को सो सडकबाट पुरानो कालिमाटीको पुल जाने दक्षिण तर्फको गोरेटो गोरेटो भै पुरानो कालिमाटीको पुलसम्म र सो पुलबाट सोझै दक्षिण–पश्चिमतिर गएको बाटै बाटो उक्लो बाटैबाटो पुरानो कालिमाटीको इनार र सो इनारबाट दक्षिण–पश्चिम बाटैबाटो डाँडापाटी पुगी पाटिबाट ओर्ली छ्यास्पाडोल खड्का गाउँको ढुङ्गा गाडेको सेराखोलाको पुलसम्म र सो पुलबाट सेरा खोल्सै खोल्सो भै कालिमाटी र नैकाप बीचको खण्ड कुल्लाको पुलसम्म र त्यसबाट खोलै खोला बलखुखोलाको दोभानसम्म, उत्तर–बालाजू दगुर्ने पानीको पोखरीबाट खोल्सै खोल्सा महादेवखोला निस्की सो महादेवखोलाबाट खोलै खोला विष्णुमती भै मनमैजुनिरको सामाखुसीको दोभानसम्म र सो दोभानबाट सामाखुसी हुँदै जोगी गुफानिरको सामाखुसीको मुहानसम्म र त्यसबाट बुढानिलकण्ठ जाने मूलबाटो नाघी ठूलो खोलसा भै सो खोल्साबाट मुसुडोल खहरेमा मिसिने खहरेसम्म र सो खहरेबाट धोविखोला भएर त्यहाँबाट धोविखोलै खोला दक्षिण चखुचाखुसोको दोभानसम्म र सो दोभानबाट चखुचाखुसी हुँदै ४ घरे मै आरूबारी जाने मूलसडक हुँदै

६५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तीनचुली र तीनचुलीबाट चेत शम्शेरको हाल गुन्जमानको घरमुनीबाट जोर्पाटो निस्की विष्णुप्रसादको घर सँगैको घर सँग-को तीन दोबाटोबाट दक्षिणतर्फ बाटैबाटो भै बागमतीसम्म ।

७. ललितपुर शहरी क्षेत्र– दक्षिण–वलखुखोला र बागमती, ललितपुर नगर पञ्चायतको सिमानाबमोजिम ।

८. भक्तपुर शहरी क्षेत्र– भक्तपुर नगर पञ्चायतको सिमानाबमोजिम ।

९. वीरगञ्ज शहरी क्षेत्र – पूर्व–वारा र पर्साको हालको सिमाना, पश्चिम–सिरसिया नदी, उत्तर–चिनी कारखाना, जोलहाटोल, दक्षिण–भारत सिमाना, नेपाल पुलिस चौकी ।

१०. बुटवल शहरी क्षेत्र – पूर्व–नाकासीडाँडा, पश्चिम–चुरेडाँडाको सिर, उत्तर–चिडिया खोला, दक्षिण–जोशी कुटी ।

११. नेपालगञ्ज शहरी क्षेत्र– पूर्व–फुटेका ब्यारेकदेखि माथि दाङ्ग जाने मूलबाटोको डडवानहरूको पुल र त्यहाँबाट रामनगर बुलविलिया, खटक-पुवा,र तिरलिपुवा हुँदै महेन्द्रनगर हुँदै प. अ. त्र. केन्द्र जाने मूलबाटोसम्म ।

पश्चिम–महेन्द्रनगर जाने र भन्सार जाने डिग्री कलेजअगाडि-को चौरस्ताबाट पश्चिम तर्फबाट गठुरेन गुरुवाको पश्चिम र वन विभागको एरियाको पश्चिम हुँदै विलासपुर र त्यहाँबाट धुम्बोजी निस्की खजुरा जाने मूलबाटोको महावीर अग्रवालको मिलसम्म ।

उत्तर–महावीर अग्रवालको मिलको पश्चिमबाट धुम्बोजीको पश्चिम भएर पुलिस तालीम केन्द्रको पछाडिबाट सुरखेतरोड निस्की सो सुरखेतरोडबाट कारकादोको डुडुवानहरसम्म र त्यहाँबाट नहरै नहर दाङ्ग जाने मूलबाटो डुडुवानहरको पुल-सम्म ।

दक्षिण–महेन्द्रनगर जाने र भन्सार कार्यालय जाने डिग्री कलेज-अगाडिको चौबाटो ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

६९१

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

मनोरन्जन कर ऐन, २०१७ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बृटिश काउन्सिलको तत्वावधानमा २०२६ साल पौष १३ गतेदेखि प्रदर्शित भएको नाटकहरूमा जम्मा चार प्रदर्शनको लागि मनोरन्जन कर नलगाउने निर्णय गरेको छ ।

आज्ञाले–

भेषबहादुर थापा

श्री ५ को सरकारको सचिव ।

632

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।